फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

# जिल्ला प्रशासन कार्यालय

म्याग्दी, बेनी

मिति:-२०७७/०२/३०

## जिल्ला प्रशासन कार्यालय म्याग्दीको जरुरी सूचना ।

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०२/२८ गतेको निर्णय एवं गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७/०२/२९, च.नं. ४१५२ को परिपत्र अनुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रण र रोकथामका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार म्याग्दी जिल्लामा देहाय बमोजिमका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।

१. दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी,

देहायबमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन गर्ने:-

(क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत),
(ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उपत्यका देखि विक्री वितरणसम्मका सबै श्रृङ्खला),
(ग) उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर,
(घ) सबै प्रकारका ढुवानी,
(ङ) पैदल आवागमन,
(च) साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी),
(छ) जिल्ला भित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निंजी सवारी साधन (चालक बाहेक थप २ जनासम्म मात्र सवार हुने),
(ज) फोहोरमैला व्यवस्थापन,
(झ) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाक सम्बन्धी सेवा,
(ञ) बैक तथा वित्तिय संस्था, सहकारी र बीमा सेवा,
(ट) नर्सरी र वनजन्य उद्यम,
(ठ) विकास आयोजना (निजी क्षेत्रबाट प्रबर्द्धितसमेत),
(ड) निर्माण कार्य (निजीसमेत),
(ढ) नदी तथा खानीजन्य पदार्थ उत्खनन, संकलन, ढुवानी र बिक्रिवितरण,
(ण) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,
(त) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन,
(थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तिय संस्थाहरु (विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने),

सहायक प्रमुख जिल्ला अधिकारी